# चैतन्य वहुमुखी क्याम्पस, बनेपा काभ्रे
# २८ औं वार्षिक उत्सव तथा पुरस्कार वितरण समारोह
# वार्षिक प्रतिवेदन २०७६

२८ औं वार्षिकोत्सव तथा पुरस्कार वितरण समारोहका सभापति एवं क्याम्पस सञ्चालक समितिका अध्यक्ष डा. श्री सुरेन्द्र बहादुर वादे श्रेष्ठज्यू, प्रमुख अतिथि माननीय सांसद बसुन्धरा हुमागाई प्रदेश नं ३, आदरणीय सञ्चालक सदस्य तथा बनेपा न.पा. प्रमुख श्री लक्ष्मी नर सिंह वादे श्रेष्ठ ज्यू, अन्य आदरणीय विधायिनी परिषद् तथा सञ्चालक समितिका सदस्यज्यूहरु, यस क्याम्पसका निर्माण समितिका पदाधिकारीज्यूहरु, प्राध्यापक, विद्यार्थी, अभिभावक, स्थानीयवासी, उपस्थित पत्रकार, KOIKA NEPAL बाट आउनु भएका विशेष अतिथि सबैमा हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

प्रजातन्त्रको पुनर्स्थापनाको लहरसँगै वि.सं. २०४८ मंसिर १५ गते (1st Dec. 1991) मा राजधानी केन्द्रित उच्च शिक्षा ग्रामीण क्षेत्रमा पनि विस्तार गर्ने उद्देश्यका साथ जनस्तरबाट सञ्चालन गर्ने गरी त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा यस चैतन्य बहुमुखी क्याम्पसको स्थापना भएको थियो । तत्कालीन अवस्थामा उपत्यका पूर्वी भेगमै उच्च शिक्षाको क्षेत्रमा अत्याधिक माग रहेको विषयहरुलाई ध्यानमा राखी शिक्षा र कानुन संकाय सञ्चालन गर्ने गरी क्याम्पस सुरुवात भएको थियो । आज सफलताका साथ २८ वर्ष सेवा पूरा गरि वार्षिकोत्सव मनाउन गइहेका छौं । यस अवसरमा क्याम्पसलाई आजको यस अवस्थासम्म ल्याई पुऱ्याउन प्रत्यक्ष-अप्रत्यक्ष योगदान पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुमा क्याम्पस प्रमुखको हैसियतले र मेरो व्यक्तिगत तर्फबाट हार्दिक कृतज्ञता जाहेर गर्दै यस सम्मानित समारोहमा क्याम्पसको वार्षिक प्रतिवेदन २०७६ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. शैक्षिक अवस्था

चैतन्य बहुमुखी क्याम्पस स्थापनाका बेला प्रवीणता प्रमाण पत्र तहमा कानुन र शिक्षा संकाय तथा स्नातक तहमा शिक्षा संकाय मात्र सञ्चालन भएका थिए । विश्वविद्यालयको नीति अनुसार कानुनतर्फ प्रवीणता प्रमाणपत्र तह विस्थापन भए पश्चात् २०५२ देखि उच्च मा.शि.प. को सम्बन्धमा ०+२, २०५९ बाट १ वर्षे बी.एड, ०६३ बाट एम.एड २०७० देखि व्यवस्थापन विषयतर्फ पनि पठनपाठन विस्तार गरिएको छ । हाल यस क्याम्पसमा ०+२ तर्फ शिक्षा र व्यवस्थापन, स्नातक तहमा अंग्रेजी, नेपाली, गणित, स्वास्थ्य शिक्षा, अर्थशास्त्र, इतिहास र जनसंख्या गरी ७ विषयहरुमा बी.एड्. र अंग्रेजी, नेपाली, गणित, अर्थशास्त्र र शैक्षिक योजना तथा व्यवस्थापन ५ विषयमा १ वर्षे बी.एड्., व्यबस्थापनतर्फ बी.बी.एस. अनि शैक्षिक योजना तथा व्यवस्थापन, गणित शिक्षा, अंग्रेजी शिक्षा र नेपाली शिक्षा गरी ४ विषयहरुमा एम् एड् बिहानी सत्रमा सञ्चालित छन् ।

### क) विद्यार्थी भर्ना र तह उत्तीर्ण :

शैक्षिक सत्र २०७४।०७५ मा ५२३ जना अनुमान गरिएको मध्ये ६१४ जना भर्ना भएका थिए । गत शैक्षिक सत्र २०७५।०७६ को लागि ५२७ जना अनुमान गरिएको मध्ये ५०० जना भर्ना भएका थिए । यस्तै चालु आ.व. २०७६/०७७ को लागि ५३१ अनुमान गरिएका छ र हाल सम्म नयाँ विद्यार्थी भर्ना (Intake) ०+२ तर्फ १४७, बी.एड्. तर्फ २२ जना, बी.बी.एस. तर्फ १३, एक वर्षे बी.एड मा १ जना गरी जम्मा १८३ जना भर्ना भइसकेका छन् भने स्नातक तहमा भर्ना कार्यक्रम चलिरहेको छ र एम.एड. तहमा भने भर्ना खुल्न बाँकी छ ।

गत वर्षको मंसिर १५ पश्चात् यहि मंसिर २ गते सम्म तह उत्तिर्ण गरिएको विद्यार्थी विवरण हाम्रो अभिलेख अनुसार यस प्रकार रहेको छ ।

०+२ उत्तिर्ण ५५, स्नातक तह उत्तिर्ण ४४ जना र स्नातकोत्तर तह उत्तिर्ण ४६ जना गरी जम्मा १४५ जना उत्तीर्ण गरेका छन् ।

**ख) छात्रवृत्तिः**

विगतका केही वर्षदेखि यस क्याम्पसले अवलम्बन गर्दै आएको नीति अनुसार नै सामाजिक न्यायसमेतलाई ध्यानमा राखी गरीब तथा पिछडिएका वर्ग, दुर्गम, दलित जनजाति र स्थानीयवासी, जेहेन्दार विद्यार्थी आदि विविध शीर्षक अर्न्तगत जम्मा ४.५% विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्न यस वर्ष पनि रु.२,१९,००० छुट्याइएको छ । गत आर्थिक वर्ष छात्रवृत्तिका लागि विनियोजित रु. ३,५९,०३५/- मध्ये आंशिक छात्रवृत्ति देखि पूर्ण छात्रवृत्ति गरी जम्मा रु. २,७१,९५०/- वितरण भएको छ ।

**ग) पुस्तकालय व्यवस्था :**

स्तरीय अध्ययन-अध्यापनका लागि समृद्ध पुस्तकालय हुनुपर्छ भन्ने अवधारणा मुताविक हरेक वर्ष पुस्तकालयलाई सुधार गर्दै लैजाने हाम्रो प्राथमिकता रहेको छ । जसको परिणाम स्वरुप गत वर्षको अन्त सम्ममा हाम्रो पुस्तकालयमा जम्मा पुस्तक संख्या १३९४३ बाटा रहेका छन् । जसको मूल्य रु ३१,१७८८९|८० रहेको छ भने यस वर्ष पुस्तकालय सुधार योजनामा इ-लाइब्रेरी स्थापना गर्ने योजना अनुसार माननीय संसद बुन्धरा हुमागाइ ज्यूबाट सामाजिक विकास मन्त्रालय प्रदेश नं. ३ मासहयोग प्राप्त गर्न विशेष पहल भइ रहेको छ ।

**घ) प्राध्यापक कर्मचारी व्यवस्था**

हाल बिहानी समयमा +२ तह, स्नातक तहमा ४ वर्षे बि.एड्., १ वर्षे बि.एड्. र ४ वर्षे बि.बि.एस्. र २ बर्षे एम्. एड् कार्यक्रमहरु सञ्चालनमा छन् । यी सबै कार्यक्रमहरु व्यवस्थापनको लागि Teaching staff ३५ जना र नन् टिचिङ स्टाफ (Non-Teaching staff) ८ जना कार्यरत छन् । कार्यरत सम्पूर्ण प्रध्यापक तथा कर्मचारी आंशिक र पूर्ण कालिन करार सेवामा रहेका छन् ।

**२. भौतिक अवस्था**

शैक्षिक गुणस्तरीयता हासिल गर्नका लागि भौतिक पूर्वाधार व्यवस्थापन पनि एउटा महत्वपूर्ण पक्ष हो । त्यसैले हामी भौतिक पूर्वाधार व्यवस्थापनलाई पनि निरन्तर प्राथमिकता दिदैं आइरहेका छौं । यसै सिलसिलामा विश्वविद्यालय अनुदान आयोग र स्थानीय निकायको सहयोग तथा आफ्नै बचत कोषबाट समेत थप गरी क्याम्पसको नाममा रहेको छ १-१२-१-१ को आफ्नै जग्गामा देहाय बमोजिमका ३ वटा भवन निर्माण कार्य सम्पन्न भइसकेका छन् । ती भवनहरुमा देहाय बमोजिम कक्षा कोठा प्रशासनिक कक्ष, शौचालय, सभाहल, पुस्तकालय र प्रयोगशाला रहेका छन् । रङ्ग रोगन, झ्याल ढोका खापा, फर्निसिङ्ग निरन्तर दिइ आएको छ ।

| Building | Rooms | | Toilets/Bath Rooms | Meeting Hall | Library | Lab Room | Canteen |
|---|---|---|---|---|---|---|---|
| A (पुरानो/पूर्वको भवन) | Administrative Cabin 5 | Class room 7 | 7 | 1 | 1 | 3 | - |
| B (बिचको भवन) | 1 | Class room 4 | 12 | - | - | 3 ICT-Lab 1 | - |
| C (पश्चिम पट्टीको भवन) | Student union office 1 | Class room 10 | Toilets/Bath Rooms 4 | - | - | 2 | 1 |
| Total | Administrative Cabin & Office 7 | Class room 21 | Toilets/Bath Rooms 23 | Meeting Hall 1 | Library 1 | Lab room 9 | Canteen 1 |

**३. शिक्षण सिकाइमा नविनतम प्रविधिको उपयोगः**

परम्परागत शिक्षण सिकाइ प्रतित्रिया र पद्धतीमा निरन्तर सुधार गर्दै लैजान हामीले प्रबधन, व्याख्यान विधिको सट्टा Project Method सामाजिक विकास मन्त्रालय प्रदेश नं.३ बाट प्राप्त क्याम्पस सवलीकरण सहयोगबाट अत्याधुनिक Multi-Media Projector को व्यात्र्रया गरिएको छ भने Semester मा सञ्चालित M.Ed कक्षामा Projector र Smart Board व्यवस्था गरी पन पाठन गर्दै आइरहेको छौं ।

**४. विद्यार्थीको उपस्थिति अभिलेखका लागि विद्युतीय हाजिरी**

शैक्षिक गुणस्तरमा सुधार गर्न शिक्षकहरुको सत प्रयास सँगै विद्यार्थीहरुको उपस्थिति वृद्धि हुने पर्ने पक्षलाई ध्यानमा राखी विद्युतीय हाजिरी मेसिन ३ वटा व्यवस्था गरिएको

**५. ICT Lab को व्यवस्था**

बर्तमान समय सुचना प्रविधिको युग भएकोले विद्यार्थीहरुलाई ववसथा गएिको १२ वटा Computer सहितको Computer Lab लाइ यस आ.व. ०७६/०७७ मा Korean Volunteer Hokwan Kim को पहलमा (Korean International Co-Operative Agency (KOIKA) को विशेष सहयोगमा पुरानो Lab को सट्टा झण्डै २५ लाख बरावरको आधुनिक ICT Lab निर्माण गरी उद्घाटन र हस्तान्तरण कार्य भइ सकेको छ ।

**६) सामाजिक अवस्था**

चैतन्य बहुमुखी क्याम्पस बनेपा र बनेपा आसपासका समुदायसँग सहकार्य तथा आपसी सहयोगमा सञ्चालित सामूदायिक शैक्षिक संस्था हो । यस क्याम्पसले गर्ने हरेक शैक्षिक तथा विविध कार्यहरु स्थानीय समुदाय तथा संघ-संस्थाको सहयोगमै सम्पन्न गरि आएको छ । यस सन्दर्भमा क्याम्पसको भौतिक निर्माण देखि विभिन्न किसिमका बाह्य क्रियाकलापमा यहाँका समुदायसँग सहयोग र सहकार्य गरि आएको छ । यसै क्रममा मिति २०७६/०५/२८ मा यस क्याम्पसले जापाली स्वास्थ्य उपसमिति सँग सहकार्य गरी निःशुल्क स्वास्थ्य परीक्षण तथा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरिएको छ जसमा १४२ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो भने ४० जना रक्तदाताले रक्तदान गरेका थिए । यसै सिलसिलामा हरेक वर्ष क्याम्पसले सरसफाई, विभिन्न सामाजिक संघसंस्थासंग सहकार्य गरि जन स्वास्थ्य, वातावरणिय संरक्षण आदिमा सामाजिक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेका छौं ।

यस क्याम्पसको सम्बन्ध स्थानीय समुदायदेखि अन्तराष्टिय समुदायसम्म विस्तार गर्दै जाने नीति रहेको छ । यसै नीति अनुसार हामीले २०७३ मा गरेको Tracer Study पश्चात् पूर्व विद्यार्थीहरुको संगठन Alumni Association गठन गर्न चारित्रिक प्रमाण पत्र वितरण सँगै सदस्यता वितरण कार्य भइआएको छ । अर्कोतिर क्याम्पस व्यवस्थापनलाई समुदायको सहयोग परिचालन गर्न विद्यमान विधान तथा नियमावली संसोधन गरी Senate गठन कार्य सम्पन्न गरि सकेका छन् । यस्तै क्याम्पसलाई अन्तराष्ट्रिय समुदायसम्म सह कार्य गरी लैजाने हाम्रो योजना अनुसार 2018, Aug देखि त्रि.वि र नेपाल सरकार समेतको अनुमतिमा Korean International Co-Operation Agency (KOIKA) Nepal बाट क्याम्पसमा IT प्रशिक्षण कार्यमा कोरियन स्वयसेवक परिचालनमा आइसकेको छ ।

### ७) आर्थिक अवस्था

जनस्तरबाट सञ्चालित यस क्याम्पसको सञ्चालन खर्चको लागि मूख्य स्रोत भनेको विद्यार्थी शुल्क मात्र रही आएको छ । यस्तै पूर्वाधार विकास गर्नको लागि विश्वविद्यालय अनुदान आयोग, स्थानीय निकाय तथा दातृ संस्थाको ऐच्छिक सहयोगमा निर्भर हुनु परेको छ ।

#### क) मासिक शिक्षण शुल्क व्यवस्था

चैतन्य बहुमुखी क्याम्पस शैक्षिक सेवामा समर्पित गैर नाफामुखी तर आफ्नै स्रोतले सञ्चालन गर्नु पर्ने संस्था हो । त्यसैले न्यूनतम लागतमा आधारित शुल्क प्रणालीमा सञ्चालन गर्ने नीति अवलम्बन गरि आएका छौं । यसै नीति अनुरुप यस वर्ष पनि गत वर्ष कैं शुल्क दर कायम गरिएको छ । सो दर अनुसार कक्षा ११ मा मासिक शिक्षण शूल्क - रु.९५० बी.एड्./बी.बी.एस्. प्रथम वर्ष - रु.१२५० र स्नातकोत्तर प्रथम सेमिष्टर वर्ष - रु.१८०० मासिक शिक्षण शुल्क कायम गरिएको छ र कक्षा १२ मा - रु. १०००, स्नातक दोस्रो, तेस्रो र चौथो वर्षमा- रु.११०० स्नाकोत्तर दोस्रो सेमिष्टर वर्षको लागि मासिक शिक्षण शुल्क- रु.१९५० नै कायम गरिएको छ ।

#### ख) बजेट तथा लेखा परीक्षण

**०+२ तर्फको आय/व्यय**

| विवरण | गत आ.व २०७५/०७६ को लेखा परीक्षण प्रतिवेदन अनुसार | चालु आ.व. २०७६/०७७ का लागि प्रस्तावित बजेट |
|---|---|---|
| आय : | | |
| विद्यार्थी शुल्क आय | 2826150 | 4928455 |
| अन्य आय | 678630 | - |
| **जम्मा आय रु.** | **3504780.00** | **4928455** |
| व्यय : | | |
| तलव तथा भत्ता | 2,691,360 | 2999245 |
| संचालन खर्च | 266910 | 808210 |
| परीक्षा खर्च | 514,730 | 1121000.00 |
| पूंजी निर्माण खर्च | 31780 | - |
| **जम्मा खर्च रु.** | **3504780** | **4928455** |
| यस बर्षको बचत (इँधा) वासलातमा सारेको | - | - |
| **जम्मा व्यय रु.** | **3504780** | **4928455** |

**स्नातक र स्नाकोत्तर तर्फको आय/व्यय**

| विवरण | आ.ब २०७५/०७६ को आय व्यय | चालु आ.व २०७६/०७७ को आय व्यय |
|---|---|---|
| आय : | | |
| विद्यार्थी मासिक शिक्षण शुल्क आय | 5276790 | 7,581,747.00 |
| अन्य शुल्क आय | 1469370 | - |
| विश्व विद्यालय अनुदान (DLI-II/QAA) | - | 10000000 |
| विश्व विद्यालय अनुदान (नियमित अनदान) | 765000 | 765000 |
| विश्व विद्यालय अनुदान -SSR & Other QAA एचयअभकक) | 455000 | 300000 |
| अन्य आय | 4088641.06 | 6090000 |
| | | |
| ***जम्मा आय रु.*** | **12054801.06** | **24736747.00** |

| | | |
|---|---|---|
| व्यय : | | |
| तलव तथा भत्ता | 3377808.25 | 4912015 |
| संचालन खर्च | 878814 | 1062445 |
| परीक्षा खर्च | 1050744 | 1549600 |
| छात्रवृत्ति खर्च | 18200 | 219000 |
| पूंजी निर्माण खर्च | 3599311.96 | 16993687 |
| **गत वर्ष भएको निमार्ण खर्च सोधभर्ना** | | |
| ***जम्मा खर्च रु.*** | 8924878.21 | 24736747 |
| यस बर्षको बचत वासलातमा सारेको | | |
| ***जम्मा व्यय रु.*** | 8924878.21 | 24736747 |

*यसरी आ.व. २०७५/०७६ को लेखापरीक्षण प्रतिवेदन अनुसार ०+२ तर्फ रु. ३५,०४७८० र स्नातक र स्नाकोत्तर कार्यक्रम तर्फ रु. १२०५४८०१ गरि जम्मा रु. १५५५९५८१।०६ को आम्दानी भएको देखिन्छ तर खर्च तर्फ भने ०+२ तर्फ रु. ३५,०४७८० र स्नातक र स्नाकोत्तर कार्यक्रम तर्फ रु. ८९६७९१५ गरि जम्मा रु. १२४७२६९९ खर्च भएको देखिन्छ ।

## HIGHER EDUCATION REFORMS PROJECT

ANNUAL WORK PLAN 2075/076

| SN | Description of Goods and Works | Quotation No. | Estimated Cost in NPR. | Suppliers Name | Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Compound and Garden | UGC/HERP/CMC/W/SH-1/75/76 | 250,000.00 | SBS Associates Pvt. Ltd | 225749.49 | |
| 2 | Procurement Painting/Coloring (A Buildings) | UGC/HERP/CMC/W/SH-2/75/76 | 490,000.00 | Banepa Nerman Sewa | 459004.00 | |
| 3 | Plaster in 1st & 2nd Floor of B Block Maintenance in A and C Block | UGC/HERP/CMC/W/SQ-3/75/76 | 490,000.00 | Prajapati Construction | 459644.66 | |
| 4 | Procurement of Books in Library | UGC/HERP/CMC/G/SH-2/75/76 | 475,000.00 | Sidhartha Books & Stationary | 157319.00 | |
| 5 | Procurement of Office Equipment (Air Conditioner-2) | UGC/HERP/CMC/G/SH-3/75/76 | 178,000.00 | Effective Cool Service Pvt. Ltd | 120000.00 | |
| 6 | Procurement of Instructional Equipment (Laptops-10) | UGC/HERP/CMC/G/SH-4/75/76 | 750,000.00 | Green IT Trade Link | 475992.16 | |
| | | Total | **2,633,000** | | **1897709.31** | |

## ८) भावी कार्यक्रम

चैतन्य बहुमुखी क्याम्पसले समय-समयमा परिस्थितिको आवश्यकतालाई ध्यानमा राखी सेवा विस्तार गर्दै अगाड बढी रहेको छ । यसै नीति अनुसार हाम्रो सेवा शिक्षा र व्यवस्थापन विषयहरुमा उच्च शिक्षा अध्ययन अध्यापनको अतिरिक्त सूचना प्रविधि तर्फ पनि उच्च शिक्षाअध्ययन प्रवर्धनका लागि सम्बन्धन विस्तार गर्दै लैजान र कक्षा एघार बाह्रमा Computer Science को पठनपाठन स्तरीय बनाउन Korean International Cooperation Agerry (KOIKA) को तर्फबाट करिब २२,०६५५० र क्याम्पसबाट रु २ लाख गरि २४,०६५५०/- पर्ने हालै ICT Lab निर्माण गरि उद्घाटन समेत भइ सकेको छ । उक्त निमार्ण सहयोगको लागि KOIKA, Nepal लाई विशेष धन्यवाद दिन चाहान्छु र यस Project ल्याइ तयार गर्न विशेष भूमिका निर्वाह गर्ने Hokwan Kim लाइ धन्यवाद र कृतज्ञता व्यक्त गर्न चहान्छु ।

अत्याधुनिक ICT बिद्लाई निरन्तर सदुपयोग गर्ने गरी स्व-रोजगार प्रबर्धन हुन सक्ने ICT सम्बन्धि व्यवसायिक तालिम रहेको छ । अर्को तर्फ सञ्चालनमा रहेको शिक्षा र व्यवस्थापन तर्फ कार्यक्रमलाइ स्तरीयता अभिवृद्धि गर्दै Quality Assurance Accreditation (QAA) प्राप्त गर्न अग्रसर हुने योजनामा रहेको छ । यसको लागि शिक्षण सिकाइमा प्रविधि मैत्री बढाउने, पूर्वाधार विकास गर्ने, कक्षा कोठा सुधार गर्ने, पुस्तकालय व्यवस्थित गर्ने कार्य निरन्तर अगाडि बढेको छ । यस तर्फ UGC को DLI II को तर्फबाट आ.ब.०७४/०७५ मा रु. ७३११४५८.६०, आ.ब.०७५/०७६ मा रु. १८९७७०९।३१ को सुधार कार्य सम्पन्न भइ सकेका छन् भने हरेक वर्ष उत्तिर्ण विद्यार्थीहरुको Tracer study गरी प्रतिवेदन सार्वजनिक गर्ने कार्य भइ आएको छ । यस वर्ष पनि उक्त कार्यक्रम निरन्तर रहने छ ।

## ९) चुनौतीहरु

जनस्तरबाट सञ्चालित यस क्याम्पसको चुनौती भनेको विशेषत: प्राज्ञिक विशिष्टता (Academic Excellency) कायम गर्न आवश्यक स्रोत परिचालन, विविध नकरात्मक राजनीतिक प्रभावलाई न्यूनीकरण गर्दै सकारात्मक र प्रगतिको लागि परिचालन गर्नु, विविध कारणले स्नातक र स्नाकोत्तर तहमा निरन्तर गिर्दो विद्यार्थी भर्ना दरमा सुधार ल्याउनु र समयानुकुल प्राध्यापक कर्मचारीहरुको सेवा सुविधालाई सुदृढ गर्दै सक्षम मानव संसाधनको व्यवस्थापन गर्नु प्रमुख चुनौतीको रुपमा रहेका छन् ।

उपर्युक्त चुनौती वास्तवमा हाम्रो जस्तो सामुदायिक क्याम्पसहरुमा देखिने साझा चुनौतीहरु नै हुन् । तथापि स्रोत संकलन तथा परिचालन र कार्यक्रमहरुको गुणस्तरीयता वृद्धि सम्बन्धमा समयमै सबै पक्षहरुको ध्यान केन्द्रित हुन नसके हाम्रा अपेक्षा र परिणाम बीचको खाडल निश्चित रुपमा बढ्दै जाने भएकोले समयमै संख्यात्मक तथा गुणात्मक सुधारको निमित्त ठोस रणनीतिक उपायहरु अवलम्बन गर्नुपर्ने हुन्छ । सोको लागि गत वर्षदेखि विश्वविद्यालय अनुदान आयोग अन्तर्गत गुणस्तरीयता सुनिश्चित र प्रत्यापन (QAA) प्रकृयामा क्याम्पस उन्मुख भइसकेको छ । तथापी सो QAA को लागि आवश्यक मापदण्द अनुरुप मानविय संसाधन तथा अन्य गुणस्तरीय व्यवस्थापन गर्नु भने प्रमुख चुनौती रहेको छ ।

यस क्याम्पस QAA Process का लागि योग्य सूचीमा प्रवेश भए पश्चात् अनुदान आयोगको सहयोगमा रणनीतिक योजना (२०१६-२०२०) निर्माण, Self Study Report (SSR), बुझाइ प्रत्येक वर्ष Tracer Study Report, वार्षिक कार्य सम्पादन तथा प्रगति प्रतिवेदन (PPMF), Annual Report तयार गरी सम्बन्धित निकायमा बुझाउने र प्रकाशन गर्ने कार्य भइ आएको छ । यस कार्यमा भएको सहयोगको लागि विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक धन्यवाद दिन चाहन्छु त्यस्तै सामाजिक विकास मन्त्रालयबाट गत वर्ष देखि क्याम्पस सवलिकारण अनुदान सहयोग उपलब्ध गर्दा जस्तै यसै वर्ष पनि सहयोगको लागि प्रक्रियागत निवेदन, माननीय सा.मार्फत दर्ता गरिसकेको छौं । सहयोग हुने अपेक्षामा छौं ।

अन्तमा, यस वार्षिक उत्सव तथा पुरस्कार वितरण समारोह सम्पन्न गर्न आयोजित विभिन्न उप समितिमा रहनुभई योगदान पुयाउनु भएका संयोजक तथा सदस्यहरु, सहकर्मी, प्राध्यापक कर्मचारीहरुमा हार्दिक धन्यवाद सहित विभिन्न कार्यक्रमहरुमा सक्रिय सहभागी विद्यार्थी भाइबहिनीहरु, रक्तदान गर्नुहुने रक्तदाताहरु एवं विषयगत उत्कृष्ट परिणाम ल्याउन सफल सम्मानित हुन लागेका प्रध्यापकहरु, उत्कृष्ट हुने विद्यार्थीहरु सबैमा हार्दिक बधाई सहित आफ्नो कार्यव्यस्तताका बाबजुद आजको यस कार्यक्रममा उपस्थित हुनु हुने आदरणीय संचालक समिति, निर्माण समितिका पदाधिकारीहरु, अतिथि लगायत सबैमा पुनः एकपटक अभिवादनसहित यो प्रतिवेदन अन्त गर्दछु ।

धन्यवाद ।

**जुजुभाइ मानन्धर**

**क्याम्पस प्रमुख**